# दुर्गा भगवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गंगा पिपरा,रौतहट
## मधेश प्रदेश,नेपाल

**सडक मर्मत सम्भार कामदार/समूह आवश्यकता सम्बन्धी सार्वजनिक सूचना।**

**सूचना प्रकाशन मिति : २०८२/०४/२६**

पूर्वाधार विकास कार्यालय गौर, रौतहटको प.स. २०८२/०८३ च.नं.४३ मिति २०८२/०४/२० गतेको प्राप्त पत्रानुसार पूर्वाधार विकास कार्यालय रौतहट गौरले स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस गाउँपालिकामा पर्ने पिपरा – माधोपुर सडक, रौतहट (PRNMP Code PH-MH-040) नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मतसम्भार समूह (RMG) गठन गर्ने उदेश्य राखेको छ। सडक मर्मतसम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मतसम्भार कामदारहरु आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| पिपर | माधोपुर | – | २ (दुई) | |

सडक मर्मत समूहका सदस्यहरुले आधारभूत सफाई र सरसफाई कार्यहरु साथै सानातिना मर्मत कार्यहरु गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गुर्नपर्नेछ। कार्य पूर्णकालीन (Full-Time) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मतसम्भार समूह (RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागंहरु राम्रो अवस्थामा छैनन् भने मांसिक भुक्तानीमा कटौती लागू गरिनेछ।

पूर्वाधार विकास कार्यालय रौतहट गौर मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस दुर्गा भगवती गाउँपालिका अन्तर्गत पेर्ने पिपरा – माधोपुर सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.व. २०८२/०८३ को लागि २ जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागि यस दुर्गा भगवती गाउँपालिकालाई लेखी आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस दुर्गा भगवती गाउँपलिकाको कार्यालयमा नागरिकता सक्कल प्रति लिई आफैं उपस्थिति भई आफ्नो दरखास्त विववरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन।

नबिन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा भगवती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गंगा पिपरा,रौतहट

मधेश प्रदेश,नेपाल

---

**दरखास्त दर्ता हुनको लागि अवश्यक मापदण्ड :**

**१. प्राविधिक मापदण्ड :–**

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनेपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रुपमा स्वास्थ्य हुनेपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनेपर्नेछ ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनेपर्नेछ ।

**२. सामाजिक मापदण्ड :–**

- मर्मत सम्भार कामदार बेरोजगार हुनेपर्नेछ अथवा आफ्नो समयको २५% भन्दा घटी रोजगारीमा संलग्न भएको हुनेपर्नेछ ।
- मर्मत सम्भार कामदार गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरुबाट हुनुपर्नेछ ।
- महिला उम्मेदबारलाई प्राथमिकता ५०% महिला हुनुपर्नेछ । सम्भव भएसम्म सबै छनोट गरिएका मर्मत सम्भार कामदारहरु महिला हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार कम्तिमा ४०% दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गबाट हुनेपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति, समय र स्थान :–**

- ❖ आवेदनको अन्तिम मिति :– २०८२/०५/०२ सम्म ।
- ❖ समय :– कार्यालय समय भित्र
- ❖ सम्पर्क स्थान :– दुर्गा भगवती गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय गंगा पिपरा, रौतहट ।

...............................

नविन कुमार श्रीवास्तव

प्रमुख प्रशासकीय अधिकृत

**नोट :– कार्यालयले आवश्यक ठानेमा RMG guidelines अनुसार संसोधन गर्न सकनेछ ।**